# नेपाल धितोपत्र बोर्ड

सुपरिवेक्षण तथा अनुसन्धान विभाग
नीति, अनुसन्धान तथा योजना महाशाखा
**जावलाखेल, ललितपुर ।**

## धितोपत्र तथा वस्तु विनिमय (कमोडिटी फ्युर्चस्) बजार सम्बन्धी उत्कृष्ट शोधपत्र (Thesis) लाई पुरस्कृत गर्ने सम्बन्धी बोर्डको सूचना ।

नेपाल धितोपत्र बोर्डको २०७६ जेठ २५ मा मनाइने २७औं वार्षिकोत्सवको अवसरमा स्नातकोत्तर तथा एमफिल तहका विद्यार्थीहरुले तयार गरेको धितोपत्र बजार (Securities Markets) तथा वस्तु विनियम बजार (Commodity Futures Markets) सम्बन्धी शोधपत्र (Thesis) मध्ये उत्कृष्ट तीन शोधपत्रलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको सम्बन्धित सम्पूर्ण शोधकर्ताहरुलाई जानकारी गराउँदछौ । यसै सन्र्दभमा विभिन्न विश्वविद्यालयमा स्नातकोत्तर तथा एमफिल तहको धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई प्रोत्साहन गर्ने उद्देश्यले हुन लागेको देहाय अनुसारको शर्त तथा नियम बमोजिमको यस कार्यक्रममा इच्छुक शोधकर्तालाई सहभागिताका लागि आव्हान गरिन्छ ।

**शर्त तथा नियमहरु :**

- अध्ययनका उद्देश्यहरु तथा अध्ययनले सम्बोधन गरेका मुद्दाहरु (Issues) को स्पष्टता तथा सान्र्दभिकता, अध्ययनका लागि उपयोग गरिएको विधिको उपयुक्तता तथा स्तरीयता, जानकारी तथा तथ्याङ्कको विश्लेषण, अध्ययनको निष्कर्ष तथा सिफारिसले धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी सिद्धान्त तथा अभ्यासमा हुनुपर्ने सुधारका लागि दिइएको सुझाव स्पष्ट हुने गरी आर्थिक वर्ष २०७५।७६ मा गहन रुपमा गरिएको मौलिक शोधपत्रहरुलाई प्राथमिकता दिइने छ ।
- प्रतियोगिताको लागि शोधपत्र पेश गर्दा सम्बन्धित सुपरीवेक्षक तथा क्याम्पस/संकायको सिफारिस संलग्न गरी शोधकर्ताले उत्कृष्ट शोधपत्र छनौट सम्बन्धी निवेदन सहित यस बोर्डमा पेश गर्नुपर्ने छ । साथै प्रतियोगी विद्यार्थीले उक्त निवेदनमा आफ्नो नाम, ठेगाना, मोबाइल नं., क्याम्पसको नाम तथा ठेगाना समेत स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
- शोधपत्र यही **२०७६ वैशाख मसान्तसम्म** बोर्डको जावलाखेलस्थित कार्यालयमा पेश गर्न सकिने छ । साथै प्रतियोगीले हुलाक, कुरियर मार्फत समेत शोधपत्र बुझाउन सक्ने छन् ।
- उत्कृष्ट तीन शोधपत्रलाई बोर्डको २७औं वार्षिकोत्सव समारोहमा पुरस्कृत गरिनेछ ।
- थप जानकारीका लागि बोर्डको फोन नं ०१-५५४१०५७ वा इमेल sebon.research@sebon.gov.np मार्फत् अनुसन्धान तथा सूचना प्रविधि शाखामा सम्पर्क गर्न सकिने छ ।

साथै यस सम्बन्धी सूचना शोधकर्ता विद्यार्थीहरु समक्ष प्रवाह गरिदिनुहुन सम्बन्धित सम्पूर्ण क्याम्पस तथा अन्य सम्बन्धित पक्षहरुलाई अनुरोध गरिन्छ ।